

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर मिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २९७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ मंसिर ७ गते सोमबार ❑ 23 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

प्रधानमन्त्री शाह भारत भ्रमणमा

रासस
काठमाडौं, ६ मंसिर

प्रधानमन्त्री वालेन्द्र शाह दुईदिने राजकीय भ्रमणका लागि भारत प्रस्थान गर्नुभएको छ ।

उहाँ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा आइतबार दिउँसो १:४५ बजेको नेपाल एयरलाइन्सको नियमित उडानबाट नयाँ दिल्लीतर्फ प्रस्थान गर्नुभएको हो ।

प्रधानमन्त्री शाहलाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठ, गृहमन्त्री सुधन गुरुङ र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रवक्ता जगदीश खरेलले बिदाइ गर्नुभयो ।

यसैगरी प्रधानमन्त्री शाह नेपाल एयरलाइन्सको नियमित उडानबाट आइतबार दिउँसो स्थानीय समयअनुसार ३:१५ बजे इन्दिरा गान्धी अन्तरराष्ट्रिय विमानस्थल अवतरण गर्नुभयो । उहाँलाई विमानस्थलमा भारत सरकारका वाणिज्य तथा उद्योग राज्यमन्त्री जितिन प्रसादले स्वागत गर्नुभयो । त्यस अवसरमा भारतका लागि नेपालका राजदूत डा निश्चलनाथ पाण्डे, नेपालका लागि भारतीय राजदूत सुधाकर दलेला, भारतका विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावार र नयाँ दिल्लीस्थित नेपाली दूतावासका वरिष्ठ अधिकारी लगायतको उपस्थिति थियो । प्रधानमन्त्री शाह भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा भारत भ्रमणमा आउनुभएको हो । प्रधानमन्त्रीको स्वागतमा विमानस्थलमा विभिन्न झाँकी प्रस्तुत गरिएको थियो ।

प्रधानमन्त्री शाहको भ्रमण टोलीमा अर्थमन्त्री डा स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका मुख्य सल्लाहकार, राजनीतिक सल्लाहकारलगायत उच्चपदस्थ सरकारी अधिकारी, व्यवसायी र सञ्चारकर्मी हुनुहुन्छ । भ्रमणका



क्रममा प्रधानमन्त्री शाहले भारतका राष्ट्रपति द्रौपदी मुर्मुसँग शिष्टाचार भेट गर्नुहुनेछ ।

साथै उहाँका भारतीय समकक्षी नरेन्द्र मोदीसँग यही मङ्सिर ७ गते प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुहुने तालिका छ । भ्रमणका क्रममा दुई देशबीच सम्पर्क सञ्जाल विस्तार तथा ऊर्जा सहकार्यसम्बन्धी विभिन्न परियोजनाको उद्घाटन हुनेछ । यस्तै केही नयाँ परियोजनाको शिलान्यास गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

भ्रमणका क्रममा दुवै देशका नेतृत्वबीच व्यापार, पारवहन, लगानी, ऊर्जा, सम्पर्क सञ्जाल तथा पूर्वाधार विकासलगायत क्षेत्रमा सहकार्य अभिवृद्धि गर्ने विषयमा छलफल हुनेछ ।

साथै भ्रमणका क्रममा शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद, विपद् व्यवस्थापन, मानव संशाधन विकास जस्ता सहकार्यका विविध क्षेत्र समेटिएका विभिन्न समझदारीपत्र (एमओयू) समेत आदानप्रदान गरिनेछन् । यसबाट दुवै देशका प्राथमिकताप्राप्त क्षेत्रमा आपसी सहकार्य थप विस्तार हुने जनाइएको छ ।

प्रतिनिधिमण्डलमा अर्थमन्त्री डा स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार, राजनीतिक सल्लाहकार असिम शाह र सूचना तथा सञ्चार प्रविधि सल्लाहकार विवेक मिश्र सहभागी रहनुभएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

त्यसैगरी, नेपाल सरकारका मुख्यसचिव गोविन्दबहादुर कार्की, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव रुद्रसिंह तामाङ, प्रधानमन्त्रीका प्रमुख निजी सचिव सुभाष शर्मा र लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत याङ् की उक्याब प्रतिनिधिमण्डलमा रहनुभएको छ । टोलीमा परराष्ट्रमन्त्रीका प्रेस सल्लाहकार जगदीश्वर पाण्डे, प्रधानमन्त्रीका निजी सचिव प्रदीप परियार, परराष्ट्र मन्त्रालयको दक्षिण एसिया महाशाखाका सहसचिव गेहेन्द्रराज राजभण्डारी, शिष्टाचार महापाल कुमारराज खरेल, परराष्ट्र मन्त्रालयका सहसचिव एवं प्रवक्ता लोकबहादुर पौडेल क्षेत्री, अर्थ मन्त्रालयका सहसचिव अमृत लम्साल र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत सूचना प्रविधि तथा डिजिटल सुशासन कार्यालयका सहसचिव सुभाष ढकाल सहभागी हुनुहुन्छ ।

यसैगरी, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सुनील पौडेल, प्रधानमन्त्रीको सञ्चार व्यवस्थापन तथा अनुसन्धान संयोजक दीपा दाहाल, परराष्ट्र मन्त्रालयका दक्षिण एसिया महाशाखा उपसचिव ललिता सिलवाल, उपसचिव, विजयराज तण्डुकार, परराष्ट्रमन्त्रीको प्रमुख निजी सचिव लोचन पौडेलसहित तीन सुरक्षाकर्मी र तीन सञ्चारकर्मी हुनुहुन्छ । यसैगरी छिमेकी मित्रराष्ट्र भारतको दुईदिने राजकीय भ्रमणमा यहाँ रहनुभएका प्रधानमन्त्री वालेन्द्र शाहसँग भारतका विदेशमन्त्री डा एस जयशङ्करले आज शिष्टाचार भेटवार्ता गर्नुभएको छ । नयाँदिल्लीस्थित होटल ताजमहलमा भएको शिष्टाचार भेटवार्तामा नेपाल र भारत सम्बन्धका विविध पक्ष, 'कनेक्टिभिटी', व्यापार, पारवहन तथा वाणिज्य, ऊर्जा, संस्कृति, शिक्षा र जनस्तरको सम्बन्धलगायतका विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल श्रेत्रीले जानकारी दिनुभयो । यसैगरी, प्रधानमन्त्री शाह र विदेशमन्त्री जयशङ्करबीच द्विपक्षीय सहकार्यलाई थप सुदृढ बनाउने विषयमा पनि सो अवसरमा छलफल भएको थियो ।

प्रधानमन्त्री शाह भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा ३४ सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै आज अपराह्न यहाँ आइपुग्नुभएको हो । प्रधानमन्त्री शाहको भ्रमण टोलीमा अर्थमन्त्री डा स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका मुख्य सल्लाहकार, राजनीतिक सल्लाहकारलगायत उच्चपदस्थ सरकारी अधिकारी, व्यवसायी, सञ्चारकर्मीसमेत हुनुहुन्छ । प्रधानमन्त्री शाह नयाँदिल्लीस्थित विभिन्न कार्यक्रम तथा उच्चस्तरीय भेटघाटमा सरिक भई दुईदिने राजकीय भ्रमण सम्पन्न गरी भोलि मङ्सिर ७ गते सोमबार साँझ स्वदेश फर्कनुहुने तालिका छ ।

गण्डकी प्रदेश सरकारको खर्च सुस्त

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर

गण्डकी प्रदेश सरकारको बजेट खर्च चालु आर्थिक वर्षको पहिलो चौमासिकमा सुस्त देखिएको छ ।

चालु आर्थिक वर्ष २०८३/०८४ का लागि विनियोजन गरिएको बजेटमध्ये कार्तिक मसान्तसम्म जम्मा ९.२० प्रतिशत मात्रै खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी प्रदेशले जनाएको छ ।

प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि कुल ३१ अर्ब ९९ करोड ९९ लाख रुपैयाँ बजेट विनियोजन गरेकोमा कार्तिक मसान्तसम्म करिब ३ अर्ब ३ करोड ७३ लाख १० हजार रुपैयाँ मात्रै खर्च गरेको कार्यालयले दिएको तथ्याङकमा उल्लेख छ । यसअनुसार कुल बजेटको झन्डै ९० प्रतिशतभन्दा बढी रकम खर्च हुन बाँकी छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी प्रदेशको खर्च प्रगति विवरणअनुसार चालुतर्फ १२ अर्ब ७२ करोड ३७ लाख ७८ हजार रुपैयाँ र पुँजीगततर्फ २० अर्ब २ करोड ६१ लाख २२ हजार रुपैयाँ बजेट विनियोजन गरिएको छ । वित्तीय व्यवस्थातर्फ २५ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

चालुतर्फको बजेट खर्च तुलनात्मक रूपमा केही अगाडि देखिए पनि विकास निर्माणसँग प्रत्यक्ष जोडिएको पुँजीगत खर्च भने झनै कमजोर देखिएको छ । विवरणअनुसार चालुतर्फ करिब १३.२२ प्रतिशत र पुँजीगततर्फ करिब ६.७७ प्रतिशत मात्रै खर्च भएको छ । वित्तीय व्यवस्थातर्फ खर्च शून्य देखिएको छ ।

प्रदेश सरकारका मन्त्रालय तथा निकायहरूको खर्च प्रगति हेर्दा अधिकांशको कार्यसम्पादन अपेक्षाअनुसार देखिएको छैन । ठूलो बजेट भएका मन्त्रालयमा खर्चको गति कमजोर हुँदा समग्र प्रदेश सरकारको बजेट कार्यान्वयन प्रभावित भएको देखिन्छ । भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको कार्तिक मसान्तरसम्म हेर्दा ८.२६ प्रतिशत मात्र खर्च भएको छ ।

कोरला नाकाबाट चार महिनामा सात हजार विद्युतीय सवारीसाधन आयात

रासस
मुस्ताङ, ६ मंसिर

नेपाल-चीन सीमा कोरलानाबाट चालु वर्षको पहिलो चार महिनामा सात हजार विद्युतीय सवारीसाधन (इभी) नेपाल भित्र्याइएको छ ।

कोरलानाकास्थित मुस्ताङ भन्सार कार्यालयका अनुसार गत वर्ष तीन हजार २२३ विद्युतीय सवारी (इभी) गाडी उक्त नाकाबाट नेपाल भित्र्याइएको थियो । भन्सार कार्यालयका अनुसार, त्यस नाकाबाट छोटो समयमै यति धेरै सङ्ख्यामा विद्युतीय सवारी गाडी नेपाल भित्रिएको पहिलो घटना हो ।



गत भदौ १० गते रसुवाको भोटेकोसी बाढीका कारण रसुवागढी नाका पूर्ण रूपमा बन्द भएकाले विद्युतीय सवारीसहितका मालसामान यस नाकाबाट आउने क्रम वृद्धि भएको हुन सक्ने भन्सार कार्यालय अधिकृत अमिन्द्र सिंहले जानकारी दिनुभयो ।

उहाँका अनुसार, चालु वर्षको साउनमा एक सय, भदौमा एक हजार

बाँकी अन्तिम पृष्ठमा ▶▶

बाल अधिकारको रक्षा गरौं



- उचित वातावरण, पोषण, शिक्षा, खेल, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,
- शोषण, दुर्व्यवहार र बालश्रमबाट बाल- बालिकालाई बचाऔं,
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

व्यासको ऐतिहासिक तथा पुरातात्विक सम्पदा चिनाउन ग्रामीण पर्यटन मेला


पोखरापत्र संवाददाता
दमौली, ६ मंसिर

महर्षि वेदव्यास र पराशर ऋषिको तपोभूमिका रूपमा परिचित तनहुँको व्यास नगरपालिकामा ऐतिहासिक, धार्मिक तथा पुरातात्विक सम्पदाको संरक्षण र ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले 'व्यास नगर पुरातात्विक सम्पदा एवं ग्रामीण पर्यटन मेला-२०८३' आयोजना हुने भएको छ ।

व्यास नगर प्रज्ञा प्रतिष्ठानको आयोजनामा आगामी मङ्सिर २५ देखि २७ गतेसम्म व्यास नगरपालिका-३ स्थित दमौली सभाहल, बिपी वनबाटिकामा मेला सञ्चालन हुने शनिबार पोखराको पर्यटन बोर्डमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो ।

वेद, पुराण र महाभारतका रचयिता महर्षि वेदव्यासको जन्मभूमिका रूपमा धार्मिक तथा सांस्कृतिक पहिचान बनाएको दमौली क्षेत्रमा रहेका ऐतिहासिक सम्पदाको संरक्षण, प्रचारप्रसार र पर्यटनसँग जोड्ने लक्ष्यसहित मेला आयोजना

बाँकी अन्तिम पृष्ठमा ▶▶



पोउवा संघमा कर सचेतना कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर

आन्तरिक राजश्व कार्यालय पोखराका मुख्य कर अधिकृत शिवप्रसाद ढुंगानाले कर प्रशासन निजी क्षेत्रमैत्री नै रहेको दोहोऱ्याएका छन् ।

उनले कर छली भइरहेको जानकारी हुँदाहुँदै पनि कतिपय अवस्थामा निजी क्षेत्रलाई हतोत्साही नगर्नौं भन्ने मानसिकतामा कर प्रशासनले काम गरिरहेको पनि बताएका छन् । महेन्द्रपुल,न्यूरोडमा कति हजार मासिक घरभाडामा सटर लिनुभा'छ, कति एडभान्स दिनुभा'छ भन्ने हामीलाई थाहा छैन र ?,उनले भने,'महिनाको १ लाख भाडा तिरेर व्यवसाय गर्ने अनि वर्षको ७ हजार ५ सय कर तिरेर राज्यलाई हामीले यत्रो कर तिरेका छौं भन्ने कुरा उति सुहाउँदैन ।'

मुख्य कर अधिकृत ढुंगाना पोखरा उद्योग वाणिज्य संघले आन्तरिक राजश्व कार्यालय पोखरासँगको सहकार्यमा आइतबार आयोजित राष्ट्रिय कर दिवस २०८३ अन्तर्गत आयोजित



'करदाता शिक्षा तथा सचेतना' कार्यक्रममा बोल्दै थिए ।

कर छलीमा हुने कारवाही तथा दण्ड-जरिवानाको दर सोचेभन्दा बढी भएको दृष्टान्त पेश गर्दै मुख्य कर अधिकृत ढुंगानाले त्यस्तो काम नगर्न सुझाव पनि दिए । आर्थिक ऐन २०८३ ले करदातालाई राहत दिन मूल्य अभिवृद्धि कर(भ्याट), अन्तःशुल्क,पुराना बक्यौता र भन्सारमा विभिन्न छुटको व्यवस्था गरेको बताउँदै उनले त्यो अवसरको सदुपयोगको आग्रह पनि गरे ।

कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघकी अध्यक्ष शोभा गौतमले पोखरा उद्योग वाणिज्य संघ वैज्ञानिक करको पक्षमा रहँदै आएको स्मरण गर्दै करको दर हैन, दायरा बढाउनेतर्फ ध्यान दिन कर प्रशासनसँग अनुरोध गरिन् ।

'नेपालको कर प्रणाली स्वघोषणामा आधारित रहेकोबारे पनि हामी जानकार छौं तर हाम्रो कर प्रणालीमा रहेको दण्ड र जरिवानाको कडा प्रावधानबारे चाहीं पुनर्विचार गरिनुपर्छ भन्ने हाम्रो राय रहेको छ,'उनले भनिन्,'स्थानीय तह र राजश्व कार्यालयमा दर्ता भएका तर कर कहिले तिर्ने भन्ने उनीहरुलाई मेसो नै नभएकाहरु यस्तो दण्ड र जरिवानामा पर्ने गरेका छन् । यसका निम्ति करदाता शिक्षा र सचेतना कार्यक्रम तल्लो तहसम्म पुऱ्याउनुपर्छ भन्ने हाम्रो धारणा छ ।' पोखरा उद्योग वाणिज्य संघका महासचिव सुदीप प्रधानाङ्गको संचालन र कार्यसमिति सदस्य केशव ढकालको धन्यवाद ज्ञापन रहेको कार्यक्रममा कर छुटका प्रावधानबारे जानकारी दिँदै आन्तरिक राजश्व कार्यालय पोखराका कर अधिकृत स्वागत थापाले अहिले दिइएको छुट इतिहासकै सवैभन्दा बढी भएको बताए । आर्थिक ऐनमा व्यवस्था गरिएको मूल्य अभिवृद्धि करको जरिवाना र ब्याज मिनाहा,कर विवरण पेश गरेका तर भुक्तानी नगरेकाहरुको हकमा दिइएको छुट, आयकरमा छुट,विचाराधीन मुद्दा फिर्ता लिँदाको सहुलियतहरुबारे चर्चा गर्दै कर अधिकृत थापाले करको थप दायित्वबाट बच्नका निम्ति यी सहुलियत लाभदायक भएको बताए ।

अन्तरक्रियामा सामेल व्यवसायी सीता गुरुङले कर जहाँ तिर्ने हो चुक्ताको प्रमाणपत्र पनि त्यहींबाट पाउनुपर्ने धारणा राखिन् । इञ्जिनियर विशेष थापाले भन्सारबाट हुने चोरी निकासीमा कडाइ गरिनुपर्ने माग गरे । पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य भानुभक्त अधिकारीले कर भुक्तानी बढी वा कम हुँदा त्रुटि सच्याउन पाउनुपर्ने र त्यो प्रक्रिया सरल हुनुपर्ने बताए ।



मनाङका चौंरीः मनाङ डिस्याङ गाउँपालिका-६ मनाङ गाउँमा झारिएका चौंरी गाई गाउँबाट बेसिखर्कको चरन क्षेत्र स्याकुङतिर लगिँदै । तस्बिर : नवीन लामिछाने /रासस

फोटो पत्रकार अक्षयकोषमा आदर्श हार्डवयरको २५ हजार सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर

नेपाल फोटो पत्रकार संघ (एनपिजेए) कास्कीले सञ्चालन गरेको 'फोटो पत्रकार अक्षयकोष' मा पोखरा-२९, भण्डारढिकस्थित आदर्श हार्डवेयरले आर्थिक सहयोग गरेको छ ।

हार्डवेयरको१५औँवार्षिकोत्सव तथा शुभकामना आदान-प्रदान कार्यक्रममा अक्षयकोषमा नगद २५ हजार १५ रुपैयाँ सहयोग गरिएको हो । हार्डवयरका सञ्चालक अर्जुन गुरुङ र नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य छत्रधर आत्रेयले एनपिजेए कास्कीका अध्यक्ष राम गुरुङलाई उक्त रकम हस्तान्तरण गरेका हुन् ।



अक्षयकोष सहयोगदाता गुरुङले सामाजिक उत्तरदायित्व अन्तर्गत फोटो पत्रकारको हितका लागि अक्षयकोषमा सहयोग गरेको बताए । एनपिजेए कास्की अध्यक्ष राम गुरुङले फोटो पत्रकार रानालाई धन्यवाद ज्ञापन गरे । उनले विभिन्न दाताहरुबाट प्राप्त सहयोगले अक्षयकोषको लक्ष्य पूरा गर्न मद्दत पुग्ने बताउँदै कोषको रकम फोटो पत्रकार हरुको वृत्तिविकासमा खर्च गरिने जानकारी दिए । कोषमा विभिन्न क्षेत्रका समाजसेवी, बुद्धिजीवी र संघसंस्थाहरुबाट सहयोग जुट्ने क्रम जारी छ ।

हेम्जा साहित्य महोत्सव सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर

पोखरा महानगरपालिका-२५ हेम्जामा दोस्रो संस्करणको 'हेम्जा साहित्य महोत्सव' आइतबार सम्पन्न भएको छ ।

'काव्यनगरी'का रुपमा परिचित हेमजामा नेपाली भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन साहित्यिक पहिचानलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा स्थापित गर्ने उद्देश्यले शनिबारदेखि सो महोत्सव आयोजना गरिएको थियो ।

हेमजा साहित्य प्रतिष्ठानले साहित्य महोत्सवलाई यस वर्ष पनि निरन्तरता दिएको हो । महोत्सवमा कविता, आख्यान, गैरआख्यान, गजल, मुक्तक, लघुकथा, साहित्यिक विमर्श, काव्यवाचन तथा पुस्तकमाथि परिचर्चालगायत कार्यक्रम समावेश गरिएको प्रतिष्ठानका अध्यक्ष सुनील गायकले बताउनुभयो । ' कविताः अनुभूति र अभिव्यक्ति' शीर्षकमा साहित्यिक कार्यक्रम, 'काव्यनगरी हेमजाः साहित्यिक पर्यटनको सम्भावना', 'सारङ्गीको सुसेलीः लोकसंस्कृतिको धुन' र 'भजनमा हेमजा' शीर्षकमा विमर्श गरिएको थियो । महोत्सवमा देशका विभिन्न स्थानबाट काव्यनगरी पुगेका सर्जकले कविता, मुक्तक र गजल वाचन गर्नुभएको थियो ।

साहित्य महोत्सव समापन गर्दै पोखरा महानगर प्रमुख धनराज आचार्यले सडक, खानेपानी, पूर्वाधार विकास जस्तै साहित्य, भाषा, कला संस्कृतिको विकास गर्नुपर्ने दायित्व र जिम्मेवारी स्थानीय सरकारको रहेको बताउनुभयो ।

उहाँले पोखराको कला-संस्कृतिको संरक्षण र संवर्द्धनका लागि महानगरले प्रज्ञा-प्रतिष्ठान गठन गरेर काम गरिरहेको बताउँदै काव्य नगरी घोषणा गरिएकामा खुसी व्यक्त गर्नुभयो ।

"काव्य नगरी घोषणापछि हेमजा साहित्यका लागि जानैपर्ने गन्तव्य भएको छ । अब काव्य र साहित्यको वरिपरि नहिँडी सुखै छैन । घोषणाअनुसार विकासका लागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना बनाएर अघि बढ्नुहोला, महानगर साथमा छ", प्रमुख आचार्यले भन्नुभयो ।

कवि एवं भाषाशास्त्री मुकुन्दशरण उपाध्यायले हेमजामा जन्मिएर पोखरालाई चिनाउनका लागि महत्वपूर्ण 'प्राकृत पोखरा' काव्य दिनुभएको र जीवनको उत्तरार्धसम्म सिर्जनामा लागि परेर साहित्यको उन्नयनमा योगदान गरेकामा उहाँले आभार व्यक्त गर्नुभयो । प्रतिष्ठानका महासचिव कोविदशरण उपाध्यायले साहित्यिक गतिविधिसँगै हेमजाको प्राकृतिक सौन्दर्य, सांस्कृतिक मौलिकता र पर्यटनको सम्भावनालाई महोत्सवले उजागार गरेको बताउनुभयो । "हेमजाको साहित्यिक गरिमा, प्राकृतिक सौन्दर्य र सिर्जनात्मक सम्भावनालाई राष्ट्रियस्तरमा परिचित गराउन र थप स्थापित गर्न धेरै सहयोग पुगेको छ", उहाँले भन्नुभयो ।

महोत्सव संयोजक कृष्णप्रसाद पौडेलले समग्र हेमजाको साहित्यिक पहिचान, सामाजिक गौरव र सांस्कृतिक समृद्धिसँग जोडिएको साझा अभियानका रुपमा महोत्सव आयोजना गरिएको बताउनुभयो । सोअवसरमाभाषाशास्त्रीमुकुन्दशरण उपाध्यायको अभिनन्दन ग्रन्थ तथा हिमशिखरको २७ औं अङ्क लोकार्पण गरिएको थियो ।

व्यासको ...

गर्न लागिएको हो । 'सांस्कृतिक सहर, व्यास नगर' मूल नार ासहित आयोजना हुने मेलाले नगरको ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदाको संरक्षण र विकास गर्दै व्यास नगरलाई सुन्दर, शान्त र सुरक्षित पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य राखेको कार्यक्रम संयोजक हरि सिंह गुरुङले जानकारी दिनुभयो ।

सेती र मादी नदीको सङ्गस्थलमा अवस्थित व्यास नगरपालिका महर्षि वेदव्यास र पराशर ऋषिको तपोभूमिका रूपमा परिचित छ । धार्मिक मान्यताअनुसार यही क्षेत्रमा महर्षि वेदव्यासको जन्म भएको र उहाँले वेदलाई चार भागमा विभाजन गर्नुका साथै महाभारत तथा अठार पुराणको रचना गर्नुभएको विश्वास गरिन्छ ।

दमौलीस्थित व्यास गुफा, पराशर गुफा तथा आश्रम यस क्षेत्रका प्रमुख धार्मिक एवं ऐतिहासिक सम्पदा हुन् । छाब्दी बाराही, तनहुँसुर दरबार, मानहुँकोट, गलेखामकोटलगायतका स्थलले पनि नगरको ऐतिहासिक, धार्मिक र पर्यटकीय महत्वलाई उजागर गरेका छन् ।

प्रतिष्ठानले यसअघि २०७९ सालमा व्यास नगर बहुजातीय सांस्कृतिक महोत्सव र २०८२ सालमा व्यास नगर साहित्यिक महोत्सव आयोजना गरेको थियो । यस वर्ष भने पुरातात्विक सम्पदाको पहिचान, संरक्षण र ग्रामीण पर्यटनलाई प्राथमिकतामा राखेर मेला आयोजना गर्न लागिएको संयोजक गुरुङले बताउनुभयो । "मेलामा पुरातात्विकसम्पदासंरक्षणसम्बन्धी स्थानीय तथा राष्ट्रिय महत्वका सम्पदाको तस्बिर प्रदर्शनी गरिनेछ । विद्यालय तथा कलेजका विद्यार्थीलाई लक्षित गरी पुरातात्विक सम्पदा र ललितकलासम्बन्धी विभिन्न गतिविधि सञ्चालन गर्नेछौं भने परिसरमा जीवित मूर्ति तथा चित्रकला केन्द्रसमेत रहने छ", संयोजक गुरुङले भन्नुभयो ।

मेलाका अवसरमा व्यास नगरभित्र रहेका एक सय वर्षभन्दा पुराना सांस्कृतिक सम्पदालाई समेटेर 'व्यास नगर सम्पदा' पुस्तक प्रकाशन गरिनेछ । त्यस्तै, व्यास-पराशर क्षेत्र, छाब्दी बाराही र तनहुँसुरको डिजिटल माध्यमबाट प्रचारप्रसार गरिनेछ । क्युआर कोडमार्फत नेपाली, गुरुङ, अङ्ग्रेजी र हिन्दी भाषामा सम्पदासम्बन्धी जानकारी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । व्यास-पराशर क्षेत्रका लागि संस्कृत भाषामा समेत प्रचारप्रसार सामग्री निर्माण गरिने प्रतिष्ठानले जनाएको छ ।

ग्रामीण पर्यटनको विकास तथा मौलिक संस्कृतिको संरक्षणका लागि मेलामा नगरभित्रका सामुदायिक होमस्टे तथा विभिन्न जातीय र सांस्कृतिक संस्थाका मौलिक सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिनेछन् । होमस्टे व्यवस्थापन समितिमार्फत स्थानीय रैथाने बाली, परम्परागत खानाका परिकार, फलफूल, तरकारी तथा घरेलु उत्पादन बिक्रीका लागि स्टल राखिनेछन ।

'७ औं लिटिल फेयरी २०२६' को उपाधि नम्बर ९ प्रनाक्क्षी बस्याललाई

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर

एसटी क्रियसनको आयोजनामा शनिबार सम्पन्न '७औं लिटिल फेयरी २०२६' को उपाधि प्रतियोगी नम्बर ९ प्रनाक्क्षी बस्याललले जितेकी छन् ।

११ वर्षीया प्रनाक्क्षी गण्डकी बोर्डिङ स्कुलको कक्षा ५ मा अध्ययनरत मेधावी छात्रा हुन् । प्रतियोगितामा १४ जना फाइनल सहभागीमध्ये उत्कृष्ट प्रदर्शन गर्दै उनले लिटिल फेयरी २०२६ को ताज पहिरिन सफल भएकी हुन् ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि गण्डकी प्रदेशकी प्रेस रजिस्ट्रार विमला भण्डारीले लिटिल फेयरी बालबालिकाको प्रतिभा प्रस्फुटन गर्ने उत्कृष्ट माध्यम बनेको बताइन् ।

प्रतियोगीहरूको प्रस्तुति र प्रतिभाबाट आफू प्रभावित भएको उल्लेख गर्दै उनले बालबालिकामा भविष्यका लागि



प्रशस्त सम्भावना रहेको बताइन् ।

लिटिल फेयरी कार्यक्रमले नयाँ प्रतिभाको पहिचान तथा विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताउँदै भण्डारीले बालबालिकाको आत्मविश्वास, प्रतिस्पर्धात्मक क्षमता र सकारात्मक प्रतिस्पर्धी भावनाको विकासका लागि अभिभावकले पनि आफ्ना सन्तानलाई यस्ता कार्यक्रममा सहभागी गराउनुपर्नेमा जोड दिइन् । बालबालिकालाई आफ्नो प्रतिभा प्रस्तुत गर्ने अवसर प्रदान गरेकोमा उनले आयोजक एसटी क्रियसनलाई धन्यवादसमेत व्यक्त गरिन् ।प्रतियोगितामासहभागीहरूले इन्ट्रोडक्सन राउन्ड, ट्यालेन्ट राउन्ड र प्रश्न-उत्तर राउन्डमा आफ्नो प्रतिभा, आत्मविश्वास तथा व्यक्तित्व प्रस्तुत गरेका थिए । प्रतियोगितामा समूह ' ए' तर्फ नोराह गुरुङ र समूह ' बी' तर्फ उत्प्रेणा जोजिजू फर्स्ट रनरअप घोषित भएका छन् । त्यसैगरी समूह 'ए' बाट सुराध्या बस्नेत र समूह 'बी' बाट विधाता पराजुली सेकेन्ड रनरअप बनेका छन् ।

भ्युअर्स च्वाइस अवार्ड समूह 'ए' तर्फ आराध्या भण्डारी र समूह 'बी' तर्फ एरिना सुनारले प्राप्त गरेका छन् । लिटिल फेयरी २०२६ की विजेता प्रनाक्क्षीले उपाधिसहित क्राउन, अवार्ड, गिफ्ट ह्याम्पर तथा नगद १५ हजार रुपैयाँ प्राप्त गरेकी छन् । प्रतियोगितामा सहभागी अन्य प्रतियोगीहरूले पनि विभिन्न विधामा अवार्ड तथा पुरस्कार प्राप्त गरेका छन् ।

जीत हाम्रो इभेन्टका प्रबन्ध निर्देशक राजेश जोशीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सञ्चारकर्मी सुरज थापा र गीता रानाले कार्यक्रम सञ्चालन गरेका थिए ।

बालबालिकाको प्रतिभा प्रस्फुटन, आत्मविश्वास अभिवृद्धि तथा व्यक्तित्व विकास गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको आयोजक एसटी क्रियसनले जनाएको छ ।

कोरला नाकाबाट...

२५३ तथा असोज र कात्तिकमा थप पाँच हजार ६४७ को सङ्ख्यामा ती विद्युतीय नेपाल भित्रिएका हुन् । यसैबीच, नेपाल भित्रिएका ती सवार ीसाधनलाई गन्तव्यसम्म पुऱ्याउन जोखिमपूर्ण सडक र दक्ष चालकको अभाव हुँदा विभिन्न चुनौती खेप्न परेको भन्सार प्रमुखको भनाइ छ ।

सोही समस्याका कारण मुस्ताङ भन्सारमा जाँचपास भई गन्तव्यतर्फ प्रस्थान गरेका दर्जनौं विद्युतीय सवार ीसाधन अझै पनि सडकमै रहेको पाइएको छ ।

चार महिनामै उठ्यो १२ अर्ब ५५ करोड बढी राजस्व

मुस्ताङ भन्सार कार्यालयले चालु आर्थिक बर्षको पहिलो चार महिनामा रु १२ अर्ब ५५ करोड १४ लाख राजस्व सङ्कलन गरेको छ । उक्त कार्यालयको वार्षिक राजस्व सङ्कलन लक्ष्य रु नौ अर्ब रहेको छ । पहिलो चार महिनामै लक्ष्यभन्दा तीन अर्ब ५५ करोड १४ लाख बढी राजस्व सङ्कलन भएको भन्सार अधिकृत सिंहले जानकारी दिनुभयो । कार्यालयका अनुसार चालु वर्षको पहिलो चौमासिकमा रु ३० अर्ब नौ करोड नौ लाख मूल्य बराबरको मालवस्तु चीनबाट पैठारी भएको छ । त्यस नाकाबाट खासगरी विद्युतीय सवारी, लत्ताकपडा, कस्मेटक सामान, इलेक्ट्रोनिक उपकरण, निर्माण सामाग्री, फलफूल र खाद्यान्नलगायत सामान आयात भएको छ । त्यस्तै, चालु वर्षको पहिलो चौमासिकमा त्यो नाका भएर नेपालबाट रु २९ करोड ५२ लाख बढीको मालवस्तु चीनतर्फ निकासी भएको छ । नेपालबाट खासगरी हस्तकलाका सामान र नेपाली उत्पादन रहेको भन्सार अधिकृत सिंहले जानकारी दिनुभयो ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

सुक्तिसुधा

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

सम्पादकीय

विदेश भ्रमण गर्दा असल परम्परा तोड्नु बुद्धिमानी होइन

प्रधानमन्त्री वालेन्द्र (बालेन) शाह दुईदिने राजकीय भारत भ्रमणमा दिल्ली पुगेका छन । भारतीय समकक्षी नरेन्द्र मोदीको निमन्त्रणामा नयाँ दिल्ली पुगेका प्रधानमन्त्री शाहसंग भारतीय विदेश मन्त्री एसजयसंकरले शिष्टाचार भेट गरेका छन। सोमबार दुई देशबिच प्रतिनिधिमण्डलस्तरीय वार्तापछि दुवै प्रधानमन्त्रीले संयुक्त पत्रकार सम्मेलन गर्नेछन् । दुई देशका प्रधानमन्त्रीबिचको वार्तामा व्यापार, पारवहन, लगानी, ऊर्जा, सम्पर्क सञ्जाल र पूर्वाधारलगायतका क्षेत्रमा आर्थिक सहकार्य अभिवृद्धि गर्ने विषयमा छलफल हुनेछ । त्यस्तै, शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद, विपद् व्यवस्थापन र मानव संसाधनलगायतका क्षेत्रमा विभिन्न समझदारीपत्र आदानप्रदान गर्ने तयारी छ ।

नेपाल भारत बीच रहेका सिमा सम्बन्धि विवाद समाधान बारे वार्ताको विषय बन्छ कि बन्दैन नेपाली जनताको चासो छाबालेन काठमाडौं महानगरको मेयर हुँदा तत्कालीन प्रधानमन्त्रीको विदेश भ्रमणका बेला उठाएका सवाल आफैं प्रधानमन्त्री हुँदा कसरी उठाउँछन् त्यसमा सबैको चासो छ । प्रधानमन्त्री शाहले गरेका आफ्नै प्रतिबद्धता तोडेर विदेश भ्रमण गरेका छन । उनको भ्रमणको क्रममा धेरै परम्परा तोडिएको छ। देशको प्रतिनिधित्व गरेर भ्रमणमा निस्किएका प्रधानमन्त्री शाहले यसपटक विगतको परम्परा र अभ्यास तोडेका छन् । यसअघि राष्ट्र प्रमुख वा सरकार प्रमुखको औपचारिक विदेश भ्रमणमा जानुअघि पूर्वप्रधानमन्त्री, राजनीतिक दलका प्रमुख, पूर्वपरराष्ट्रमन्त्री तथा कूटनीतिज्ञ लगायतसँग परामर्श गर्ने अभ्यास थियो ।

प्रधानमन्त्री शाहले कसैसँग परामर्श गरेनन् र परम्परा तोडे। प्रविगतका अभ्यास र परम्परा तोडेकोमा प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले असन्तुष्ट व्यक्त गरेको छ। वरिष्ठ उपसभापति विश्वप्रकाश शर्माले शनिबार विज्ञप्तिमार्फत प्रधानमन्त्रीको कार्यशैलीप्रति असन्तुष्टि जनाएका छन। 'मित्र राष्ट्रहरूमा हुने महत्त्वपूर्ण भ्रमणहरू अघि राष्ट्रिय हितका विषयहरूमा साझा समझदारी निर्माण गर्न प्रमुख प्रतिपक्ष तथा अन्य राजनीतिक दलहरूसँग परामर्श गर्ने लोकतान्त्रिक परम्परा हो ।, सरकारले प्रमुख प्रतिपक्ष, अन्य दलहरू र विषय विज्ञहरूसँग परामर्श गर्नु आवश्यक ठानेन। प्रधानमन्त्री असोज ५ गते संयुक्त राष्ट्रसंघको ८१औं महासभामा भाग लिन जाने बेला कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बे, उपसभापति विश्वप्रकाश शर्मासँग छलफल गरेका थिए ।

त्यतिबेला पनि शाहले अन्य विपक्षी दलका नेताहरू, पूर्वप्रधानमन्त्रीहरूसँग छलफल नगरेकोमा आलोचना भएको थियो। सरकार प्रमुखको उपस्थितिमा हुने दुई पक्षीय सन्धि-सम्झौताले देशलाई दीर्घकालीन असर पार्ने हुँदा सकभर सबै पक्षको सहमति लिने विगतका अभ्यास थियो । भ्रमणको एजेन्डा सेटिङका विषयमा आवश्यक गृहकार्य गर्न परराष्ट्र मन्त्रालय भएकाले सरकारलाई अन्य पक्षको जरुरत नपर्न सक्छ। गत चैत १३ गते प्रधानमन्त्री बनेका शाहको यो पहिलो औपचारिक विदेश भ्रमण हो । शाह प्रधानमन्त्री बनेलगत्तै घनिष्ट दुई छिमेकी मुलुक भारत र चीनबाट भ्रमणको निम्तो आएको थियो । तर, प्रधानमन्त्री शाहले एक वर्ष विदेश भ्रमण नगर्ने भनेर टारेका थिए । भदौ १० भोटेकोशी-त्रिशुलीमा आएको विनाशकारी बाढीका कारण संयुक्त राष्ट्रसंघको महासभामा प्रधानमन्त्री तहबाटै जलवायु सम्बन्धी मुद्दा उठाउन उपयुक्त हुने सुझाव आएपछि शाह अमेरिका गएका थिए ।

प्रधानामन्त्री शाहले विगतका अभ्यास र परम्परामात्र होइन, संवैधानिक व्यवस्थाको पनि उल्लङ्घन गरेका छन्। संविधानको धारा ८१ मा प्रधानमन्त्रीले देशको समसामयिक परिस्थिति र वैदेशिक सम्बन्धमा राष्ट्रपतिलाई जानकारी गराउनुपर्ने व्यवस्था छ । तर, शाह प्रधानमन्त्री बनेपछि संवैधानिक व्यवस्था उल्लङ्घन गर्दै आएका छन । संयुक्त राष्ट्रसंघ र भारत भ्रमण लगायत अन्य समसामयिक विषयमा प्रधानमन्त्री शाहले राष्ट्रपति रामचन्द्र पौडेललाई जानकारी गराएका छैनन् । 'नेपालको संविधानमा देशको समसामयिक परि स्थिति र वैदेशिक विषयमा प्रधानमन्त्रीले राष्ट्रपतिलाई जानकारी गराउने व्यवस्था छ । प्रधानमन्त्री शाहमा कसैलाई नगन्ने खालको घमण्डले खाने आफैंलाई हो । देशकै प्रतिनिधित्व गरेर जान लागेका प्रधानमन्त्रीले भ्रमण अगाडि सबै दलको सहमति लिएर गएको भए राम्रो हुन्थ्यो । भारतसंग आफ्ना कुरा दह्रोसंग राख्ने वातावरण बन्थ्यो । विगतमा कस्ता अड्चन आए । के कस्तो अवस्था झेल्नु परेको थियो भन्ने बुझ्न नचाहनु अहंकार हो । देशको हित रक्षाका लागि सबैको साथ र सहयोग लिएर जान नचाहनु आफैंलाई घाटा हो देशलाई घाटा हो ।

तपाईको आज

मेष	: अप्रत्यसित लाभ	तुला	: शुभ यात्रा
वृष	: शारीरिक झमेला	वृश्चिक	: आर्थिक समस्या
मिथुन	: सत्कार मिल्नेछ	धनु	: कार्यमा सफलता
ककर्ट	: मानसिक तनाब	मकर	: झमेला बढ्ने
सिंह	: सहयोग मिल्नेछ	कुम्भ	: शत्रुको भय
कन्या	: स्वास्थ्यमा सुधार	मीन	: ब्यापारमा लाभ

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

कल्भर्ट व्यवस्थापन गर्न माग

पोखरापत्र संवाददाता
म्याग्दी, ६ मंसिर

म्याग्दीको मङ्गला गाउँपालिका-५ छिसवाङवासीले विपद्को जोखिम बढाएको खहरेखोलाको 'कल्भर्ट' पुनः व्यवस्थापन गर्न माग गरेका छन् ।

गत असोज दोस्रो साताको झरीपछि खहरेखोलामा आएको बाढी कल्भर्टका कारण बस्तीमा पसेर क्षति पुऱ्याएको ठहर गर्दै स्थानीयवासीले व्यवस्थापनको माग गरेका हुन् । छिस्वाङका २२ घरमा बाढी पस्नुका साथै ३५ परिवारको करिब १५० रोपनी धानखेतमा क्षति पुगेको स्थानीयवासी तुलबहादुर पुनले बताउनुभयो । "बस्तीभन्दा करिब चार किलोमिटर माथि पाङ्गा वनमा खसेको पहिरो खहरे खोलामा मिसिएपछि बाढी आएको थियो", उहाँले भन्नुभयो, "कल्भर्टमा बाढी थुनिएपछि पानी र गेग्रान बस्तीतर्फ सोझिँदा बस्तीमा क्षति पुगेको छ । खेतीयोग्य जमिन बगरमा परिणत भएको, खानेपानी र सिँचाइ योजनाका संरचना ध्वस्त बनाएको छ।" स्थानीय पूर्वाधार विकास आयोजनामार्फत आर्थिक वर्ष २०८१/०८२ मा सङ्घीय सरकारको बजेटबाट पोक-पीपलबोट-छिसवाङ-खोप्टी-दरवाडसडकस्तरोन्नतिका क्रममा खहरेखोलामा पाँच मिटर लामो कल्भर्ट निर्माण भएको थियो । छयासी वर्षीय दत्तबहादुर थापाले आफू छिसवाङबा बस्न थालेको ४४ वर्षमा यसपाली विपद्को सामना गर्नुपरेको बताउनुभयो । "खहरेखोलाको बाढीलाई प्राकृतिक रुपमा बग्नलाई रोकेको कल्भर्ट हटाएर हाम्रो बस्तीलाई सुरक्षित बनाउन माग गरेका छौं", उहाँले भन्नुभयो, "कल्भर्टको व्यवस्थापनसँगै बाढीको जोखिम न्यूनीकरणका लागि सरकारबाट सहयोगको प्रतिक्षामा छौं ।" मङ्गला गाउँपालिकाका उपाध्यक्ष प्रेमकुमारी अधिकारीले छिसवाङवासीको कल्भर्ट व्यवस्थापनको मागकाबारेमा आवश्यक निर्णय गर्न जिल्ला विपद् व्यवस्थापन समितिमा पेस गरिएको जानकारी दिनुभयो । बाढी प्रभावितको राहत, अस्थायी बसोबासको व्यवस्थापनपछि पुनःनिर्माण र बस्ती संरक्षणका लागि पहल भइरहेको उहाँले बताउनुभयो । उपाध्यक्ष अधिकारीले गाउँपालिकाले बाढी पन्छाउन डोजर परिचालन गरेको बताउनुभयो ।

आदर्श हार्डवेयरको वार्षिकोत्सव तथा शुभकामना आदान-प्रदान कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर



पोखरा-२९, भण्डारढिकस्थित आदर्श हार्डवेयरको १५औं वार्षिकोत्सव तथा शुभकामना आदान-प्रदान कार्यक्रम शनिबार भएको छ।

शिवम सिमेन्ट लिमिटेडको प्रवर्द्धन तथा ॐ आशिर्वाद ट्रेडर्स, नोबेल बिल्डर्स कम्पनी प्रा.लि., सौन्दर्य बाई बिन्दिया र ओजस्वी सप्लार्यसको व्यापारिक साझेदारीमा कार्यक्रम भएको हो । कार्यक्रममा उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य छत्रधर आत्रेयले आदर्श हार्डवेयरका सञ्चालक विजय गुरुङले उत्पादक, ग्राहक, निर्माण व्यवसायी र सामाजिक संघसंस्थालाई जोड्दै वार्षिक समीक्षा र हौसलाका लागि कार्यक्रम राख्नु सराहनीय रहेको बताए । व्यावसायिक मर्यादा, इमानदारी, ग्राहक सन्तुष्टि र सामाजिक उत्तरदायित्वमा हार्डवेयर यस क्षेत्रकै नमुना बनेको उल्लेख गर्दै उनले व्यवसायलाई अर्को पुस्तामा हस्तान्तरण गर्न सकिने गरी दिगो बनाउनुपर्नेमा जोड दिए । लेखनाथ उद्योग वाणिज्य संघकी अध्यक्ष जानुका पराजुलीले हार्डवेयरलाई यो उचाइमा पुऱ्याउन अहोरात्र खटिने कर्मचारी, उपभोक्ता र शुभचिन्तकप्रति आभार व्यक्त गरिन् । देशमै सम्भावना देखेर १५ वर्षअघि व्यवसाय थालेका ऊर्जावान् युवा विजय गुरुङले आदर्श हार्डवेयरलाई प्रतिष्ठित ब्रान्डका रूपमा स्थापित गरेको उनले बताइन्। शिक्षकसमेत रहेका गुरुङको दूरदृष्टि निजी क्षेत्रका लागि सौभाग्य भएको उल्लेख गर्दै पराजुलीले असहाय तथा पिछडिएका वर्गको उत्थान र नारी सम्मानमा उनको भूमिका उदाहरणीय रहेको प्रशंसा गरिन् । कमाइको केही अंश सामाजिक सेवामा खर्चने हार्डवेयरमा गुणस्तरीय सेवाकै कारण ग्राहक दिगो रूपमा जोडिएको उनले बताइन् । कार्यक्रममा लेखनाथ निर्माण व्यवसायी संघका अध्यक्ष भिमबहादुर नेपाली, जनप्रकाश बहुमुखी क्याम्पसका प्रमुख एवं पब्लिक क्याम्पस गण्डकी प्रदेशका अध्यक्ष ऋषि बुढाथोकी, रास्वपा वडा नं २९ वडा सभापति प्रभात पौडेल, नेपाल फोटो पत्रकार संघ कास्कीका अध्यक्ष राम गुरुङलागयतले व्यवसायको नेटवर्किङ र प्रगतिसँगै संस्थाले निर्वाह गरिरहेको सामाजिक उत्तरदायित्व प्रशंसा गरेका थिए ।

हार्डवेयरका सञ्चालक विजय गुरुङले आगामी दिनमा अझ उत्कृष्ट सेवा दिदै अघि बढ्ने बताए । बजारको माग अनुसार थप परिस्कृत हुदैं जाने पनि उनको भनाइ थियो ।

युएईविरुद्ध नेपालको सानदार जित

रासस
काठमाडौं, ६ मंसिर

नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले कतारमा जारी एसिया कप राइजिङ स्टार्स एकदिवसीय क्रिकेट प्रतियोगितामा पहिलो जित निकालेको छ । पहिलो जित दर्ता गर्ने क्रममा नेपालले आज युनाइटेड अरब इमिरेट्स (युएई) विरुद्ध ६ विकेटको जित निकालेको हो ।

नेपालले पहिलो खेलमा भारत 'ए' विरुद्ध ३०६ रनको पराजय व्यहोरेको थियो । आज भने नेपालले उत्कृष्ट पुनरागमन गर्दै सहज जित निकाल्यो । युएईले दिएको १२२ रनमको लक्ष्य नेपालले २२ ओभरमा ४ विकेटको क्षतिमा भेट्टायो । नेपालको जितमा ओपनिङ ब्याटर कुशल भुर्तेलले अर्धशतकीय पारी खेले । उनले ५६ बलमा छ चौका र एक छक्कासहित ५६ रनको पारी खेलेका हुन् । एकदिवसीय अन्तरराष्ट्रिय क्रिकेटमा कुशलको यो दशौं अर्धशतक हो । यसैगरी मयन यादवले २७ र बसिर अहमदले अविजित १८ रनको योगदान दिए । युएईका लागि बलिङतर्फ मोहम्मद मोहसिनले दुई तथा उद्देश सुरी र अङ्श टन्डनले समान १-१ विकेट लिए । त्यसअघि दोहास्थित विज्ञान तथा प्रविधि विश्वविद्यालयको मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको युएईले ३९.५ ओभरमा सबै विकेट गुमाएर १२१ रन बनाएको थियो । उसका लागि मुहम्मद शाहदादले ४०, हरप्रीत सिंहले ३२ र नुरुल्लाह अयोबीले १२ रन बनाए । युएईका बाँकी ब्याटरले भने दोहोरो अङ्कमा समेत रन जोड्न सकेनन् । नेपालका लागि बलिङतर्फ कप्तान सन्दीप लामिछाने र कुशल भुर्तेलले समान तीन-तीन तथा राशिद खान, नन्दन यादव र ललितनारायण राजवंशीले १-१ विकेट लिए । यो जितपछि नेपालले महत्वपूर्ण २ अङ्क जोडेको छ। नेपाल अहिले समूह 'बी' तालिकामा २ अङ्कका साथ तेस्रो स्थानमा छ। नेपालले अब समूह चरणको अन्तिम खेलमा मङ्गलबार पाकिस्तान 'ए' विरुद्ध खेल्ने तालिका छ।

पचास लाख खर्चेर धर्मपथ पैदलमार्ग निर्माण

पोखरापत्र संवाददाता
बागलुङ, ६ मंसिर

बागलुङ नगरपालिका-४ कुडुँलको दारेगौडादेखि कालीगण्डकी नदीको ढोडेनीसम्म रु ५० लाखको लागतमा धर्मपथ पैदलमार्ग निर्माण गरिएको छ।

स्थानीयवासीको चन्दा तथा बागलुङ नगरपालिका र गण्डकी प्रदेश सरकारको सहयोगमा करिब एक किलोमिटर लामो पैदलमार्ग निर्माण गरिएको हो । पैदलमार्ग बनेपछि यसअघि भीर र पहाडको बाटो हुँदै आवतजावत गर्नुपर्ने स्थानीय तथा कालीगण्डकीमा स्नान गर्न जाने यात्रुलाई सहज भएको छ।

पैदलमार्ग निर्माण समितिका अध्यक्ष कृष्णप्रसाद आचार्यका अनुसार २०८२ साल माघ १९ गते सुरु भएको निर्माण कार्य २०८३ साल कात्तिक २२ गते सम्पन्न भएको हो । पैदलमार्गमा चार वटा विश्रामस्थल, तीन वटा पानी ट्याङ्की र भगवान् शिवको मूर्ति स्थापना गरिएको छ । नगरपालिकाबाट रु तीन लाख, एकीकृत सेवा कार्यालय बागलुङबाट रु पाँच लाख तथा बाँकी रकम स्थानीयवासी र सहयोगदाताबाट जुटाइएको अध्यक्ष आचार्यले जानकारी दिनुभयो । पैदलमार्ग निर्माणबाट कुडुँले, छापा, सीमा, लमगाउँ, ठूलास्वाँरा र रमेटार क्षेत्रका बासिन्दा लाभान्वित हुने समितिले जनाएको छ । विशेषगरी कालीगण्डकी नदी किनारमा शवदाहका लागि शव पुऱ्याउन, घाँसदाउरा गर्न, खेतीपातीमा जान तथा दैनिक आवतजावत गर्न सहज हुने अध्यक्ष आचार्यले बताउनुभयो । 'आफ्नो गाउँ आफैं बनाऔं' भन्ने नारासहित स्थानीयवासीको सक्रियतामा पैदलमार्ग निर्माण गरिएको हो। यसले धार्मिक तथा सामाजिक गतिविधिका साथै स्थानीयको दैनिक जीवनयापनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।

पैदलमार्गको बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले एक समारोहबीच उद्घाटन गर्नुभएको थियो । उहाँले सरकारी लगानीको तुलनामा स्थानीयवासीको ठूलो योगदानमा निर्माण भएको यस पैदलमार्गले विकास निर्माणमा सामुदायिक सहभागिताको उदाहरण प्रस्तुत गरेको बताउनुभयो ।

प्रथम धरान महिला गोल्डकपको उपाधि एपीएफ क्लबलाई

रासस
काठमाडौं, ६ मंसिर

विभागीय टोली सशस्त्र प्रहरी बल (एपिएफ) फुटबल क्लबले प्रथम धरान अन्तरराष्ट्रिय आमन्त्रण महिला गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ।

धरान रङ्गशालामा शनिबार राति सम्पन्न फाइनलमा नेपाल पुलिस क्लबलाई २-० गोलअन्तरले पराजित गर्दै एपिएफले उपाधि जितेको हो । निर्धारित ९० मिनेटको खेल गोलरहित बराबरीमा सकिएपछि खेल अतिरिक्त समयमा पुगेको थियो । अतिरिक्त समयको चौथो मिनेटमा रश्मीकुमारी घिसिङले गोल गर्दै एपिएफलाई अग्रता दिलाएकी थिइन् । अतिरिक्त समयको ३०औं मिनेटमा अनिता केसीले दोस्रो गोल थपेपछि एपिएफको जित सुनिश्चित भएको थियो । एपिएफले प्रतियोगिताको पहिलो संस्करणमै उपाधि जित्न सफल भएको छ।

उपाधिसँगै एपिएफले नगद रु पाँच लाख पुरस्कार प्राप्त गरेको छ भने उपविजेता नेपाल पुलिस क्लबले रु तीन लाख पुरस्कार प्राप्त गरेको आयोजक फुटबल क्लबका अध्यक्ष तथा प्रतियोगिताका संयोजक सन्तोष राईले जानकारी दिनुभयो ।

डी-१९ क्लब धरान-१९ र स्वर्णिम फुटबल क्लबको संयुक्त आयोजनामा गत कात्तिक २८ देखि धरान रङ्गशालामा रात्रिकालीन रूपमा सञ्चालन भएको प्रतियोगितामा एक भारतीय टोलीसहित आठ टोलीको सहभागिता थियो ।

दसौं राष्ट्रिय खेलकुदको खेलस्थल तालिका सार्वजनिक

रासस
काठमाडौं, ६ मंसिर

यही मङ्सिर १६ देखि २७ गतेसम्म सञ्चालन हुने दसौं राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश ३२ खेलको प्रतियोगितास्थल सार्वजनिक गरिएको छ।

राष्ट्रिय खेलकुद परिषद्ले सोमबार सार्वजनिक गरेको विवरणमा एथ्लेटिक्स, महिला र पुरुष क्रिकेट, ह्यान्डबल, बास्केटबल, रग्बी, सेपकताक्रो, हक्की, भलिबल, कबड्डी सुर्खेतमा सञ्चालन हुने उल्लेख छ।

त्यस्तै, कराते, ब्याडमिन्टन, फुल कन्ट्याक्ट कराते, टेबुल टेनिस, उसु, तेक्वान्दो, जिम्न्याष्टिक, बक्सिङ, स्क्वास, आर्चरी, भारत्तोलन, साइक्लिङ, इस्पोर्टस् पनि सुर्खेतकै विभिन्न स्थानमा सञ्चालन हुने परिषद्का सदस्यसचिव रामचरित्र मेहत्ताले जानकारी दिनुभयो । उहाँका अनुसार, टेनिस, महिला तथा पुरुष खो-खो (बर्दिया), पौडी र सुटिङ (नेपालगञ्ज) हुनेछ।

त्यस्तै, जुडो र कुस्ती (सल्यान), आइटिएफ तेक्वान्दो (दैलेख), महिला तथा पुरुष फुटबलको सेमी र फाइनल खेल (जुम्ला), बुद्धिचाल (कालीकोट), शारीरिक सुगठन (पश्चिम रुकुम)मा हुनेछ। सदस्यसचिव मेहत्ताका अनुसार सुर्खेतमा २२, सल्यानमा दुई, जुम्ला, कालीकोट, दैलेख र रुकुमपश्चिममा एक/एक खेल हुनेछन्।

त्यस्तै, बाँके र बर्दियामा दुई/दुई खेल सञ्चालन गरिनेछ। केही खेल यही मङ्सिर ८ गतेदेखि सुरु हुने भए पनि प्रतियोगिताको औपचारिक समुद्घाटन भने यही मङ्सिर १६ गते गरिने छ । प्रतियोगितामा ६ हजार खेलाडी र तीन हजार अफिसियल्स गरी करिब नौ हजारको सहभागिता रहने आयोजकले जनाएको छ। कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव रवीन्द्र चन्दले प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको बताउनुभयो । उहाँका अनुसार प्रतियोगितालाई व्यवस्थित र प्रभावकारी तुल्याउन आयोजक मूल समारोह समितिसहित विभिन्न १४ वटा समिति गठन गरिएको छ।

एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १४ निवासी भारतीय भू.पु.सै.नं. 5345236 2/4 GR का हवल्दार कर्ण वहादुर गुरुङको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर हिम कुमारी लामा तामाङ र जन्ममिति वि.स २०२३।६।१३ इ.सं. १९६६ सेप्टेम्वर २९ भएको र पतिको भारतीय सैनिक अभिलेखमा श्रीमतीको नामथर हिम कुमारी गुरुङ र जन्ममिति इ.सं. २५ अगष्ट १९६६ (२०२३ भदौ ९) भएकोले उल्लेखित दुवै नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी कास्की जिल्ला पोखरा महानगरपालिका १४ नं. वडा कार्यालयको च.नं. १५३ मिति २०७९।०४।११ को सिफारिस पत्रबाट लेखि आएको जानकारी गराइन्छ ।

जिल्ला प्रशासन कार्यालय, कास्की

उन्नति साकोसको स्वास्थ्य शिविरबाट ६० भन्दा बढी सदस्य लाभान्वित

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर



पोखराको नयाँबजारमा रहेको उन्नति बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आइतबार आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरबाट ६० जनाभन्दा बढी सदस्य लाभान्वित भएका छन् ।

संस्थाले सदस्यहरूको स्वास्थ्य सचेतना अभिवृद्धि गर्नुका साथै रोगको समयमै पहिचान र उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले एकदिनको स्वास्थ्य शिविर आयोजना गरेको हो ।

शिविरमा पेट तथा कलेजोरोग विशेषज्ञ डा. शंकर बराल, स्त्रीरोग विशेषज्ञ डा. रूपा पनेरु र मुटुरोग विशेषज्ञ डा. अरुण कँडेलले सदस्यहरूको स्वास्थ्य परीक्षण तथा परामर्श सेवा प्रदान गर्नुभएको थियो । चिकित्सकहरूले पेट तथा कलेजो, महिला स्वास्थ्य र मुटुसम्बन्धी समस्याको पहिचान, रोकथाम र उपचारका विषयमा परामर्श दिनुभएको थियो । शिविरका क्रममा सहभागीलाई नियमित स्वास्थ्य परीक्षण गराउन, रोगको प्रारम्भिक अवस्थामै पहिचान गर्न र आवश्यक उपचारमा ध्यान दिन सुझाव समेत दिइएको थियो ।

संस्थाको शिक्षा उपसमितिको संयोजनमा आयोजित कार्यक्रमको उद्घाटन गर्दै संस्थाका अध्यक्ष लेखनाथ अर्यालले सहकारी संस्था आर्थिक कारोबारमा मात्र सीमित नभई सदस्यहरूको सामाजिक तथा स्वास्थ्य सुरक्षामा समेत जिम्मेवार हुनुपर्ने बताउनुभयो ।

उहाँले सदस्यको आवश्यकता र हितलाई केन्द्रमा राखेर सञ्चालन गरिने यस्ता कार्यक्रमले संस्थाप्रति अपनत्व र विश्वास बढाउने उल्लेख गर्नुभयो । कार्यक्रम सफल बनाउन शिक्षा उपसमितिका संयोजक शलु कुमारी श्रेष्ठ लगायत उपसमितिका सदस्यहरूले निर्वाह गरेको भूमिकाप्रति अध्यक्ष अर्यालले आभार व्यक्त गर्नुभयो ।

शिविर सञ्चालनका लागि प्राविधिक तथा स्वास्थ्य सेवासम्बन्धी सहयोग गरेको जीएमसी मेडिकल कलेज तथा हस्पिटलप्रति पनि संस्थाले धन्यवाद व्यक्त गरेको छ ।

संस्थाका कार्यालय प्रमुख भगवान भट्टराईले सदस्यहरूको आवश्यकता र हितलाई ध्यानमा राख्दै वित्तीय सेवासँगै स्वास्थ्य, शिक्षा तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो । उहाँले आगामी दिनमा पनि सदस्यहरूको जीवनस्तर सुधार र सामाजिक हित अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइने जानकारी दिनुभयो । संस्थाले सदस्यहरूको स्वास्थ्य, शिक्षा, सीप विकास तथा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित कार्यक्रमलाई आगामी दिनमा थप प्रभावकारी रूपमा सञ्चालन गर्ने जनाएको छ ।

माउन्ट अन्नपूर्ण माविमा निःशुल्क दन्त शिविर

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर



पोखरा ३, नदिपुर भिसि मार्गमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक विद्यालयमा दुईदिने दन्त स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

विद्यालयमा अध्ययनरत प्ले ग्रुप (पीजी) देखि कक्षा १० सम्मका विद्यार्थीलाई लक्षित गरी मंसिर ३ र ४ गते शिविर सञ्चालन गरिएको बिद्यालयका प्राचार्य सइन्द्रराज श्रेष्ठले बताए ।

पोखराको न्युरोड स्थित पैरवी हेल्थ एन्ड डेन्टल केयर सेन्टरको सहयोगमा सञ्चालित शिविरमा दन्त चिकित्सक दशमी गुरुङ सहितको स्वास्थ्य टोलीले विद्यार्थीहरूको दाँत तथा मुख स्वास्थ्य परीक्षण भएको प्राचार्यले श्रेष्ठले उल्लेख गरे ।

शिविरका क्रममा विद्यार्थीहरूलाई दाँतको नियमित सरसफाइ, सही तरिकाले ब्रस गर्ने विधि, मुख स्वास्थ्यको महत्तव तथा दाँतसम्बन्धी समस्याबाट बच्ने उपायबारे जानकारी प्रदान गरिएको थियो ।

सानै उमेरदेखि बालबालिकामा दन्त स्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्ने र दाँत तथा मुखसम्बन्धी समस्याको समयमै पहिचान गर्ने उद्देश्यले शिविर आयोजना गरिएको विद्यालयले शिक्षक शिव शंकर बस्यालले बताए ।

दोस्रो माछापुच्छे आमन्त्रित गल्फको उपाधि प्रेम तामाङलाई

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर



पोखराको मभ्केरीपाटनस्थित हिमालयन गल्फ कोर्समा सम्पन्न 'दोस्रो माछापुच्छे आमन्त्रित मैत्रीपूर्ण गल्फ प्रतियोगिता २०८३' को मुख्य उपाधि (ग्रस विजेता) प्रेम तामाङले जितेका छन् । कुल ६० स्कोर जोड्दै च्याम्पियन बनेका तामाङले उपाधिसँगै नगद २० हजार रुपैयाँ र ट्रफी हात पारे ।

हिमालयन गल्फ कोर्स र हिमालयन स्पोर्ट्स म्यानेजमेन्ट प्रालिको संयुक्त आयोजनामा मंसिर ५ र ६ गते चलेको प्रतियोगितामा डिभिजन 'ए' (१-९ ह्यान्डीक्याप) तर्फ ६१ स्कोरका साथ प्रज्वल गुरुङ विजेता र ६० स्कोर जोडेका कवि थापा उपविजेता बने । डिभिजन 'बी' (१०-१४ ह्यान्डीक्याप) मा विश्व मान गुरुङ (६६ स्कोर) च्याम्पियन बन्दा एएसपी लिलाजंग गुरुङ (५३ स्कोर) उपविजेतामा सीमित भए । यस्तै, डिभिजन 'सी' (१५-१८ ह्यान्डीक्याप) तर्फ एसी शेर्पा (६४ स्कोर) विजेता र सुवास घले (५२ स्कोर) उपविजेता घोषित भए । तीनवटै डिभिजनका विजेताले जनही २० हजार र उपविजेताले १५ हजार रुपैयाँ नगदसहित ट्रफी प्राप्त गरे ।

महिलातर्फ ६५ स्कोर जोड्दै बालकाशी गुरुङ विजेता बनिन् भने ६२ स्कोर ल्याएकी जानवी गुरुङ उपविजेता बनिन् । महिला विजेताले १५ हजार र उपविजेताले १० हजार रुपैयाँ तथा ट्रफी प्राप्त गरे । यस्तै, ६० वर्षमाथिको सिनियर विधामा ६४ स्कोरका साथ मेजर खिम गौचनले उपाधिसहित नगद १५ हजार रुपैयाँ र ट्रफी जिते । व्यक्तिगत तथा विशेष विधातर्फ खुला 'लङ्गेस्ट ड्राइभ' को उपाधि उदिम कुमार राईले जित्दा सिनियर (६०+) तर्फ क्याप्टेन राजेन्द्र गौचन उत्कृष्ट ठहरिए । 'नियर टु द पिन' (एनटीपी) मा इन्द्रधारा बिष्ट विजेता बने । होल नम्बर १८ को दोस्रो सटमा झण्डाको नजिक (११ फिट १० इन्च) बल पुऱ्याउँदै एएसपी लिलाजंग गुरुङ तथा सोही होलमा ५ मिटर ९ सेन्टिमिटरको 'लङ पट' प्रहार गर्दै मेजर जनरल सुदर्शन सिलवाल विजेता बने । विशेष विधाका पाँचै जना विजेताले जनही ५ हजार रुपैयाँ र ट्रफी पाए । होल नम्बर ४ मा राखिएको 'होल इन वन' को विशेष पुरस्कार भने कसैले जित्न सकेनन् । स्टेबलफोर्ड ३/४ ह्यान्डीक्याप फर्म्याटमा ३६ होलमा खेलिएको प्रतिस्पर्धामा अमेरिका, बेलायत, सिंगापुरका गैरआवासीय नेपाली (एनआरएन) तथा स्वदेशका विभिन्न सहरका करिब ७० एमेच्योर गल्फर सहभागी थिए । पोखराको खेल पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित प्रतियोगितालाई नेप्लिज डायस्पोरा स्पोर्ट्स एण्ड कल्चर क्लब अमेरिकाका अध्यक्ष नारायण गुरुङको अध्यक्षतामा गोर्खा ब्रुअरीले सहप्रायोजन गरेको थियो ।

विजयी खेलाडीहरूलाई प्रदेश खेलकुद परिषदका निवर्तमान सदस्य सचिव तेज बहादुर गुरुङ, ओलम्पियन तथा नेप्लिज डायस्पोरा स्पोर्ट्स एण्ड कल्चर क्लब अमेरिकाका अध्यक्ष नारायण गुरुङ, टी एण्ड एस अमेरिकाका प्रोपाइटर शिव गुरुङ, शर्मिस्ता गुरुङ, वासिङटन स्टेट अमेरिकाको कमिस्नर मोहन गुरुङ, म्याग्दी होटलका सञ्चालक हाल अमेरिका धनमान थापा, एशियन तथा साफ गेमका गोल्ड मेडलिस्ट रेनुका मगर लामा, अमेरिका स्याटलका अवैदानिक महावाणिज्यदुत एसी शेर्पा, पीजि शेर्पा, पाशाङ लामा, टेक गुरुङ, लगायतले पुरस्कार वितरण गरेका थिए । कार्यक्रममा हिमालय गल्फ कोर्ष पोखराका ब्यवस्थापक तथा हिमालयन स्पोर्टस इभेन्ट म्यानेजमेन्टका चेयरम्यान भुवन गुरुङले प्रतियोगितामा सहयोग गर्ने सहयोगीहरुलाई स्वागत गर्दै मायाको चिनो वितरण गरेका थिए । नेप्लिज डायस्पोरा स्पोर्ट्स एण्ड कल्चर क्लब अमेरिकाका अध्यक्ष नारायण गुरुङको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

कुहिरो र सूर्योदय हेर्न मानुङकोट

रासस
दमौली, ६ मंसिर



चिसो मौसमसँगै कुहिरो र सूर्योदयको दृश्य हेर्न तनहुँको व्यास नगरपालिका-५ स्थित पर्यटकीय गन्तव्य मानुङकोटमा पछिल्लो समय पर्यटकको चहलपहल बढेको छ ।

बिहानको समयमा देखिने कुहिरोले ढपक्क ढाकेको दृश्य र सूर्योदयको मनोरम दृश्य हेर्नका लागि यतिबेला मानुङकोटमा दैनिक पर्यटकको चहलपहल निकै बढेको हो । प्राकृतिक सौन्दर्य, मनोरम दृश्य र बिहान देखिने कुहिरोको आकर्षणका कारण मानुङकोट पर्यटकको रोजाइमा पर्ने गरेको छ । पछिल्लो समय मौसम चिसो हुन थालेसँगै यहाँको वातावरण थप रमणीय बनेको छ ।

विशेषगरी बिहानको समयमा डाँडाबाट देखिने कुहिरो र वरपरका पहाडी दृश्यले पर्यटकलाई आकर्षित गर्ने गरेको वडाध्यक्ष विष्णुकुमार श्रेष्ठले बताउनुभयो । उहाँले दैनिक तीन/चार सय पर्यटक मानुङकोट पुगेर दृश्यावलोकन गर्ने गरेको बताउनुभयो । उहाँका अनुसार कतिपय पर्यटक अघिल्लो रात मानुङकोटमा बिताएर बिहान दृश्य हेरेर फर्किने गरेका छन् । स्थानीय व्यवसायी शैलेश सुनामका अनुसार पर्यटकको आगमन बढेसँगै स्थानीय व्यवसायमा पनि चहलपहल बढेको छ । पर्यटकको उपस्थितिले स्थानीय होटल तथा अन्य व्यवसायलाई लाभ पुग्ने उहाँले बताउनुभयो ।

मानुङकोटबाट देखिने कुहिरो र सूर्योदयले यहाँ पुग्ने जोकोहीलाई लोभ्याउने गरेको छ । त्यहाँबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु र लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिनेछ । दमौली बजारलाई कुहिरोले ढाक्नुलाई पौराणिक कथासँग पनि जोडिएको छ ।

बालौटेमा क्षतिग्रस्त सडक करिब दुई महिनापछि मर्मत सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, ६ मंसिर

म्याग्दी नदीको बाढीले कटान गरेर मालिका गाउँपालिका-६ बालौटेमा अवरुद्ध बनाएको बेनी-दरवाङ सडक करिब दुई महिनापछि मर्मत थालिएको छ ।

गत असोज ८ देखि ११ गतेसम्मको झरिपछिको बाढीले बालौटेमा मालिका, मङ्गला र धवलागिरी गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने पश्चिम म्याग्दीको लाइफलाइन (भाग्यरेखा) मानिएको बेनी-दरवाङ सडकमा क्षति पुग्नुका साथै बस्तीमा जोखिम बढाएको थियो । नदीले कटान गरेपछि दुखुर्बैंसीको फेदीमा रहेको करिब १०० मिटर सडक भत्किएर बस्तीको नजिकै पहिरो पुगेको छ । पूर्वाधार विकास कार्यालय, मालिका गाउँपालिका र म्याग्दी नदी बेसिनमा निर्माणाधीन जलविद्युत् आयोजनाहरूको साझेदारीमा सडक मर्मतको काम थालिएको हो । पूर्वाधार विकास कार्यालयको प्रक्रियागत ढिलासुस्ती, कटान नियन्त्रण तथा बस्ती संरक्षणको सुनिश्चितता हुनुपर्ने दुखुबासीको माग छ । पूर्वाधार विकास कार्यालयले भने सडक मर्मतका लागि ग्यावीयन पर्खाल निर्माण गर्ने ढुङ्गा जुटाउन समस्या हुँदा काममा ढिलाइ भएको जनाएको छ ।

अस्थायी रूपमा सडक मर्मतका लागि रु २५ लाख बजेट उपलब्ध गराएको गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री नन्दप्रसाद न्यौपानेले कात्तिक तेस्रो साता पहिरो प्रभावित सडकको निरिक्षण गरी नदी नियन्त्रण र बस्ती संरक्षणका लागि आवश्यक पर्ने थप रु दुई करोडभन्दा बढी बजेट उपलब्ध गराउने प्रतिबद्धता जनाएपछि पूर्वाधार विकास कार्यालयले प्रक्रिया अघि बढाएको थियो ।

तिहारअघि डोजर परिचालन गरेर म्याग्दी नदीलाई डाइभर्सन गराएपनि बालौटेको छिमेकी सहश्रधाराका बासिन्दाले ग्यावीयन जाली भर्न आवश्यक पर्ने ढुङ्गाको स्रोतमा अवरोध गरेकाले अपेक्षाकृत काम हुन नसकेको पूर्वाधार विकास कार्यालयले जनाएको छ । सडक मर्मतलाई तीव्रता दिनका लागि ढुङ्गाको स्रोतको व्यवस्था मिलाउन मालिका गाउँपालिकासँग समन्वय गरिएको कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर राजेश उलकले बताउनुभयो ।

मालिका गाउँपालिकाले उपलब्ध गराएको ढुङ्गाहरू जलविद्युत् आयोजनाको डोजर र ढुवानीका साधन परिचालन गरी कार्यालयले ग्यावीयन जाली भरेर अस्थायी रूपमा सडक मर्मत गर्ने सहमति भएको थियो । म्याग्दीखोला, अपर म्याग्दी, अपर म्याग्दी-१, दरवाङ म्याग्दीखोला र मुदीखोला जलविद्युत् अयोजनाले साझेदारी गरेर सडक मर्मतमा उपकरण परिचालन गरेका छन् । म्याग्दी १(ख)बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली (सुविन)ले सडक मर्मत कार्यलाई तीव्रता दिनका लागि मालिका गाउँपालिका, पूर्वाधार विकास कार्यालय र जलविद्युत् आयोजनालाई ताकेता गरिएको बताउनुभयो । बालौटेसँगै सिमताराखेत खण्डमा पनि म्याग्दी नदीले कटान गरेको सडक पुनर्निर्माणका लागि प्रदेश सरकारसँग पहल गरिएको उहाँले बताउनुभयो ।

अर्मनखोलाको बाढीले म्याग्दी नदीको धार परिवर्तन गराउँदा बालौटेमा कटान भएर सडक भत्किँदा बेनी-दरवाङ सडकमा यातायात सेवा प्रभावित बनेको छ । दुखुखोलामा ह्युम पाइप राखेर तत्काललाई दुखुर्बैंसी हुँदै तोलावाङ जोड्ने वैकल्पिक सडक सञ्चालन गरेपनि दिगो समाधानका लागि सडक मर्मत र बस्ती संरक्षण गर्नुपर्ने स्थानीयपवासीको माग छ ।

साँघुरो, कच्ची अवस्थाको ग्रेड नमिलेको वैकल्पिक सडकमा ठूला सवारीसाधन एकापसमा पार हुने पर्याप्त ठाउँ छैन । बागलुङको तमानखोलाका बासिन्दाले समेत प्रयोग गर्ने यो सडक निकै व्यस्त हुन्छ । म्याग्दीखोला बेसिनमा निर्माणाधीन छ वटा जलविद्युत् आयोजनाका निर्माण सामग्री र उपकरण ढुवानी गर्ने सवारीसाधनहरुको चाप पनि यो सडकलाई पर्दछ ।

आँखाको परीक्षण गराए डायबेटिक रेटिनोप्याथीका कारण हुने दृष्टि क्षति रोक्न सकिने

रासस
काठमाडौं, ६ मंसिर

मधुमेह भएका व्यक्तिले नियमित आँखाको परीक्षण गराए डायबेटिक रेटिनोप्याथीका कारण हुने दृष्टि क्षति रोक्न सकिने नेत्र विशेषज्ञले बताएका छन् ।

नेत्र विशेषज्ञ डा रबा थापाका अनुसार मधुमेह पहिचान हुनासाथ चिकित्सकको सल्लाहअनुसार नियमित आँखाको परीक्षण गराउनु आवश्यक छ ।

डायबेटिक रेटिनोप्याथीले आँखाको पर्दा (रेटिना) का रक्तनलीमा क्षति पुऱ्याउने भएकाले समयमै परीक्षण र उपचार गराए दृष्टिविहीन हुनबाट बच्न सकिने उहाँले बताउनुभयो । विश्व स्वास्थ्य सङ्गठनका अनुसार स्वस्थ आहार, नियमित शारीरिक क्रियाकलाप, सन्तुलित तौल र सुर्तीजन्य पदार्थको सेवन नगर्ने बानीले मधुमेहको जोखिम कम गर्न सकिन्छ । मधुमेहले आँखाका रक्तनलीमा क्षति पुऱ्याएर स्थायी दृष्टि क्षति तथा अन्धोपन निम्त्याउन सक्छ । सङ्गठनका अनुसार डायबेटिक रेटिनोप्याथी दृष्टि कमजोर हुने र अन्धोपन हुने प्रमुख कारणमध्ये एक हो । विश्वभर ३९ लाख मानिसमा यसका कारण टाढाको दृष्टि कमजोर हुने वा दृष्टिविहीनताको समस्या देखिएको छ भने १० करोड ३० लाखभन्दा बढी वयस्क यस अवस्थाको कुनै न कुनै रूपबाट प्रभावित छन् । डायबेटिक रेटिनोप्याथी सुरुआती अवस्थामा लक्षणविहीन हुनसक्ने भएकाले दृष्टिमा समस्या नदेखिए पनि मधुमेह भएका व्यक्तिले नियमित आँखाको परीक्षण गराउनुपर्ने डा थापाको भनाइ छ । रगतमा ग्लुकोजको मात्रा लामो समयसम्म बढी रहँदा आँखाको पर्दाका सूक्ष्म रक्तनलीमा क्षति पुग्ने र समयमै पहिचान तथा उपचार नभए दृष्टि गुम्न सक्ने चिकित्सकहरू बताउँछन् । मधुमेहको जोखिम कम गर्न नियमित स्वास्थ्य परीक्षण, चिकित्सकको सल्लाहअनुसार जीवनशैली व्यवस्थापन र आँखाको नियमित परीक्षण आवश्यक रहेको डा थापाले बताउनुभयो । उहाँले मधुमेहपहिचानहुनासाथचिकित्सकको सल्लाहअनुसार आँखाको परीक्षण गराउन आग्रह गर्नुभयो ।

एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा चितवन जिल्ला राप्ती नगरपालिका वडा नं. ७ निवासी भारतीय सैनिक नं. ५३४४५३३ नायक इन्दर मान पुनले मेरो र परिवारको सदस्यको नागरिकता प्रमाणपत्र र पेन्सन अभिलेखमा नामथर र जन्ममिति फरक परेता पनि फरक नामथर र जन्ममिति भएको निजहरु एकै/ एकै व्यक्ति भएकोले एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गरी पाउँ भनी यस कार्यालयमा पेश गरेको निवेदन सम्बन्धमा राप्ती नगरपालिका ७ नं. वडा कार्यालयको च.नं. ५७० मिति २०८३/०८/०२ को सिफारिस पत्रको आधारमा उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिन्छ ।

क्र.सं.	नागरिकता प्रमाणपत्रमा भएको नामथर	पेन्सन अभिलेखमा भएको नामथर	नाता	नागरिकतामा भएको जन्ममिति	पेन्सन अभिलेखमा भएको जन्ममिति
१	इन्द्र मान फगामी	इन्दर मान पुन	पेन्सनर		
२	सिता देवी फगामी (पुन)	सिता देवी पुन	श्रीमती	२०२८/०६/१०	सन् ०५/१२/१९६९
३	गणेश पुन	जगत मान पुन	छोरा	२०५०/०३/२०	सन् १८/१२/१९९०
४	दुर्गा देवी फगामी		छोरी	२०५२/१०/०५	सन् १५/०१/१९९४

जिल्ला प्रशासन कार्यालय, चितवन